REDRESS

Ending torture, seeking justice for survivors

# द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितका लागि परिपूरण साकार पार्ने : प्रमुख अन्तर्दृष्टि

मार्च २०२५



# सामग्री


परिचय 4

विविधतापूर्ण गठबन्धनमार्फत प्रभाव प्रवर्द्धन 5

गठबन्धनहरूको फाइदा र संस्थागत संलग्नताका लागि अवसरको सिर्जना 7

सन्दर्भ–विशिष्ट र गतिशील रणनीतिहरू 8

दिगो र प्रभावकारी कार्यान्वयनका लागि दीर्घकालीन सोच 9

कार्यान्वयनको कारकका रूपमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित/प्रभावितहरू 12

सामान्य निष्कर्ष 14

अनुसूची : तथ्यहरू 15

# परिचय

१. विगत दुई वर्षदेखि रिड्रेसले ग्लोबल सर्वाइभर्स फन्ड (जिएसएफ) को सहयोगमा चार वटा देशहरू, चाड, प्रजातान्त्रिक गणतन्त्र कङ्गो (डिआरसी), केन्या र नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाबाट पीडित/प्रभावितहरूलाई परिपूरण प्रदान गर्ने निर्णयहरूको कार्यान्वयनलाई प्रवर्द्धन गर्न साझेदारहरूसँग सहकार्य गर्दै आएको छ । यसमा हामीले सर्वाङ्गीण रणनीतिक अभियोजन र पैरवीमा आधारित पीडित/प्रभावित–केन्द्रित पूरक विधिहरूको प्रयोग गर्यौं । यो दस्तावेजले विगतका ती दुई वर्षका प्रमुख अन्तर्दृष्टिहरूमाथि प्रकाश पार्दछ ।

२. परियोजनाको प्राथमिक उद्देश्य सञ्जालहरूलाई प्रवर्द्धन र सुदृढ गर्दै निर्णयहरू कार्यान्वयन गर्नेतर्फ सर्वाङ्गीण रणनीतिहरूको विकास गर्नु रहेको थियो । यसमा पीडित/प्रभावितहरूलाई सहयोग गर्ने, तुलनात्मक अनुभवहरूमार्फत अभ्यासकर्ताहरू बीच ज्ञान आदानप्रदानका लागि सहजीकरण गर्ने, र रणनीतिक क्रियाकलापहरू कार्यान्वयन गर्न राष्ट्रिय नागरिक समाजसँग सहकार्य गर्ने कार्य समावेश थियो ।

३. यो दस्तावेजमा परियोजनाको कार्यान्वयनमार्फत प्राप्त हाम्रा प्रमुख निष्कर्षहरूको सारांश प्रस्तुत गरिएको छ र यसलाई "द्वन्द्वसँग सम्बन्धित यौन हिंसाबाट पीडित/प्रभावितका लागि परिपूरण : सर्वाङ्गीण रणनीतिक अभियोजनलाई औजारका रुपमा कसरी प्रयोग गर्ने" शीर्षकको हाम्रो प्रतिवेदनसँगै पढिनु पर्छ । प्रतिवेदनले परिपूरणसँग सम्बन्धित निर्णयहरूलाई कार्यान्वयन गर्न पीडित/प्रभावितहरूले सामना गर्ने प्रमुख अवरोधहरूको विश्लेषण गर्दै केही निर्दिष्ट उदाहरणहरूमा सफल सावित भएको र अन्य सन्दर्भमा पनि अनुकूलन गर्न सकिने केही औजार र राणनीतिहरुलाई परिष्कृत गदर्छ । यसमा ११ वटा उदाहरणहरु समावेश छन्, जसमध्ये यस दस्तावेजमा पाँचवटा समावेश छन् ।

४. परिपूरणको कार्यान्वयनलाई अगाडि बढाउन सहकार्य गर्ने राष्ट्रिय संघसंस्थाहरू र व्यक्तित्वहरूको समर्पण र विशेषज्ञतामार्फत यो परियोजना सम्भव भएको हो ।

५. नेपालमा प्रमुख साझेदारहरूमा एड्भोकेसी फोरम नेपाल, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल (सिभिडब्लुएन), मानवअधिकार तथा न्याय केन्द्र (एचआरजेसी), नागरिक आवाज र इन्टरनेसनल कमिसन अफ जुरिस्ट (आईसीजे) नेपाल रहेका छन् ।

६. केन्यामा यसमा योगदान पुर्‍याउनेहरुमा उतु वेतु, ग्रेस एजेन्डा, आईसिजे केन्या, इन्टरनेशनल सेन्टर फर ट्रान्जिसनल जस्टिस (आइसिटिजे) केन्या, सर्भाइभर्स नेटवर्क केन्या, वांगु कान्जा, महिला विरुद्धको हिंसासम्बन्धी गठबन्धन (सिओभिएडब्लु), इन्डिपेन्डेन्ट मेडिको–लिगल युनिट (आईएमएलयु), फिजिसियन्स् फर ह्युमन राइट्स (पिएचआर) र नागरिक समाज संस्थाहरुको सञ्जाल (सिएसओ नेटवर्क) रहेका छन् ।

७. चाडमा ओसोसियाँसियौँ चाडिएन् पूर ला प्रोमोसियौँ ए ला देफँस् दे द्रोआ द लोम (एटीपीडीएच) र ज्याकलिन मौडेनाले महत्वपूर्ण भूमिका निर्वाह गरे ।

प्रजातान्त्रिक गणतन्त्र कङ्गो (डिआरसी) मा उल्लेखनीय योगदान पुर्‍याउनेहरुमा सिनर्जी पूर लेस्टिसौँ जुडिसियार ओ भिक्टिम दे भइलासियौँ दे द्रोआ हूयँमे उ नोर्ड किभु (एसएजे) र सोलिडारिटे फेमिनीन पूर ला पेई ऐ ले डेभेलेपेमौँ इन्ट्रिगल थिए ।

# विविधतापूर्ण गठबन्धनमार्फत प्रभाव प्रवर्द्धन


© CVWN

फेब्रुअरी २०२५ मा, द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जालले नेपालमा संक्रमणकालीन न्यायबारे द्वन्द्वबाट प्रभावित महिलाहरूको क्षमता विकास गर्न र पीडितहरूलाई आफ्ना अनुभव र चुनौतीहरू बाँड्ने सुरक्षित एवं सहयोगी स्थान सिर्जना गर्न एउटा प्रशिक्षण कार्यक्रमको आयोजना गर्‍यो।

८. परिपूरणसम्बन्धी निर्णयहरू कार्यान्वयन गर्न जटिल छ र यसमा विभिन्न चरण तथा पात्रहरू समावेश हुने गर्छन् । यसमा पूरक विधि र अवधारणाहरू समावेश छन् । यो जटिलतालाई सम्बोधन गर्न परिपूरणका आदेशहरूको कार्यान्वयनलाई प्रवर्द्धन गर्ने प्रभावकारी रणनीतिहरू विकसित गरी नेतृत्व प्रदान गर्न विविध पात्रहरूको समावेशी गठबन्धन आवश्यक हुन्छ ।

## केन्यामा सिओभीएएडब्लुको कार्यान्वयनसम्बन्धी गठबन्धन र अन्यको मुद्दा

यो मुद्दा चार वटा संस्थाहरूको गठबन्धनद्वारा दायर गरिएको थियोः, जसमा सिओभिएडब्लु, आइएमएलयू, पिएचआर, र आईसिजे केन्या रहेका छन् । उनीहरूले विविध प्रकारका समुदायस्तरका र राजनीतिक पात्रहरूसँग घरेलु, क्षेत्रीय र अन्तर्राष्ट्रिय कानूनी ज्ञान, चिकित्सा र मनोसामाजिक विशेषज्ञताको क्षेत्रमा सहकार्य गर्ने गर्छन् । सम्पूर्ण प्रक्रिया अवधिभर उनीहरूले पीडित/प्रभावित समूह, मानव र जनअधिकारसम्बन्धी राष्ट्रिय संघसंस्था, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसहित अन्यबाट साथसहयोग प्राप्त गरेका थिए ।

गठबन्धनहरूलाई पुनःऊर्जावान बनाउन, प्रभावकारिता बढाउन र प्रभावलाई अधिकतम बनाउनका लागि यी पात्रहरूलाई नियमित रूपमा एकसाथ ल्याउने कार्य महत्वपूर्ण रहेको थियो । गठबन्धनले परिपूरणका बारेमा प्रमुख राजनीतिक पात्रहरूको जनचेतना बढाउन, कार्यान्वयनका लागि आधार तयार गर्न, अफ्रिकी आयोगसमक्ष राष्ट्रिय तथा क्षेत्रीय पैरवीमा पीडित/प्रभावितहरूलाई परिचालन गर्न, पीडित/प्रभावितहरूका तत्कालका आवश्यकताहरूलाई सहयोग गर्न, मुद्दाका बारेमा जनचेतना प्रवर्द्धनका लागि सञ्चार अभियानहरू परिचालन गर्न र मुद्दामा कानूनी प्रगति ल्याउन सफल भयो, जसमा दाबीलाई अस्वीकार गरि वर्षौंदेखि विचाराधीन रहेको केही पीडित/प्रभावितहरूको पुनरावेदनमा आउने फैसला पनि समावेश थियो ।

९. केन्या र नेपालमा सहकार्यलाई जागृत गराउन रिड्रेसले निवेदक, नागरिक समाज संस्था, पीडित/प्रभावित, पीडित/प्राभावित समूहहरू, राज्यका प्रतिनिधि र अन्य पात्रहरुसहित प्रमुख पात्रहरूलाई एकै ठाउँमा ल्याउने काम गऱ्यो । यी अन्तर्क्रियात्मक सत्रहरूले खुला संवाद र पारदर्शिताको वातावरणलाई सिर्जना गऱ्यो, जहाँ सहभागीहरूले सामूहिक रूपमा प्राथमिकता र कार्यान्वयनयोग्य कदमहरू पहिचान गर्नुका साथै जिम्मेवारीहरू तोक्ने काम गरे । यसले सम्बन्धित देशहरूमा प्रशासनिक परिपूरण कार्यक्रमहरूलाई अगाडि बढाउनका लागि, व्यक्तिगत मुद्दा कार्यान्वयन रणनीतिहरूलाई बृहत प्रयासहरुसँग जोड्न सम्भव बनायो ।

**“ कार्यशाला सुरुवाती बिन्दु थियो र निर्णयहरूलाई कार्यान्वयन गरिएका सम्बन्धमा भएका अनुभवहरू आदानप्रदान गर्न संस्थाहरूलाई एकैठाउँमा ल्याउनको लागि यसले एउटा उदाहरणका रूपमा काम गऱ्यो । यो विशेषगरी गैरसरकारी संस्था र सरकारी सरोकारवालाहरूलाई एकै ठाउँमा आएर आफ्नो कामको बारेमा छलफल गर्न र चुनौतीहरूलाई सम्बोधन गर्न उपयोगी रहेको थियो । यसले कार्यान्वयनका लागि सरकारको भूमिकामाथि पनि प्रकाश पार्ने काम गऱ्यो**

- एचआरजेसी नेपाल

# गठबन्धनहरूको फाइदा र संस्थागत संलग्नताका लागि अवसरको सिर्जना

१०. केही सन्दर्भहरुमा राष्ट्रिय निकाय वा अन्य संस्थागत साझेदारहरूसँग रणनीतिहरूको सह–सिर्जना गर्न सम्भव हुन्छ । यसमा राष्ट्रिय मानवअधिकार संस्थाहरू वा समान एजेन्डा भएका राज्य पक्ष समावेश हुन सक्छन् । केन्याको सिओभिएडब्लुको मुद्दामा त्यहाँको राष्ट्रिय मानवअधिकार निकायले मुद्दा प्रक्रियालाई प्रारम्भिक चरणदेखि नै सक्रिय रूपमा सहयोग गर्दै आएको छ ।

> **परामर्श कार्यशालाहरूले संस्थागत साझेदारहरू र पीडित/प्रभावितहरूबीच परिपूरणको कार्यान्वयन मार्ग, परिणाम र सम्भाव्यताबारेमा सन्दर्भ अनुसारको विचारमन्थन गर्ने अवसर प्रदान गऱ्यो...। संस्थागत साझेदारहरू र पीडित/प्रभावितहरूले संयुक्त रूपमा पैरवीका रणनीतिहरूको पहिचान र विकास गरे, जुन् कार्यान्वयन सुनिश्चित गर्न पीडित/प्रभावितहरूको आवश्यकता र प्राथमिकताहरूमा केन्द्रित र सुसूचित थिए...।**
>
> - उतु वेतु, केन्या

११. अन्य सन्दर्भहरूमा राज्यका निकायहरु त्यति सूचित वा सक्रिय नहुन सक्छन् । तथापि, उनीहरूसँगको संलग्नताले सम्बन्धित मुद्दा र द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित/प्रभावितहरुका लागि परिपूरण कार्यान्वयनको महत्वका बारेमा उनीहरूको बुझाइ बढाउन सक्छ । उनीहरूलाई पीडित/प्रभावितहरुसँग भेट गराउनाले समानुभूति सिर्जना गर्न र हेयभाव हटाउन, कुनै कदम चाल्नेतर्फ प्रेरित गर्न वा भविष्यका प्रतिबद्धताहरूको आधार खडा गर्न सक्छ । संवेदनशील बन्न पुगेका संस्थागत पात्रहरूलाई संयुक्त कार्यहरूमा संलग्न गराउने उद्देश्यले गठबन्धनहरूले आफ्ना रणनीतिहरू तर्जुमा गर्दा यो कुरालाई ध्यानमा राख्नुपर्छ ।

## असल अभ्यास: नेपालका अधिकारीहरूसँगको संलग्नता

मार्च २०२४ मा जिएसफको सहयोगमा रिड्रेस र एड्भोकेसी फोरम नेपालले राष्ट्रसङ्घीय मानवअधिकार समिति (एचआरसी)ले निर्णय गरिएका द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका चार वटा मुद्दाहरूको कार्यान्वयनलाई सम्बोधन गर्न अभियन्ता, पीडित/प्रभावित, अन्तर्राष्ट्रिय संस्था, सरकारी प्रतिनिधि र प्रादेशिक अधिकारीहरूबीच छलफललाई सहजीकरण गरे । मानवअधिकार समितिका निर्णयहरू कार्यान्वयन गर्न ऐतिहासिक हिच्किचाहटका बावजुद सहभागी संस्थागत पात्रहरूले निम्नलिखित कुराहरूको महत्वलाई स्वीकार गरे :

- अन्तर्राष्ट्रिय निकायहरूबाट भएका सिफारिसहरूको कार्यान्वयनका लागि प्राविधिक सहयोग प्राप्त गर्ने,
- राष्ट्रिय कार्यान्वयन योजनाहरूमा नागरिक समाज संस्थाहरूसँग सहकार्य गर्ने, र
- घरेलु कार्यान्वयन प्रक्रियालाई बलियो बनाउन तुलनात्मक अनुभवहरूको प्रयोग गर्ने ।

कार्यान्वयन प्रक्रिया जारी रहेकै अवस्थामा राष्ट्रिय अधिकारीहरू र प्रादेशिक सरकारहरूसहितका राज्यका प्रमुख पात्रहरू र नागरिक समाजबीच प्रत्यक्ष संवाद र समन्वय भइरहेको छ ।

# सन्दर्भ–विशिष्ट र गतिशील रणनीतिहरू

१२. द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका मुद्दाहरूका हकमा कार्यान्वयनलाई प्रवर्द्धन गर्ने एउटा मात्र अवधारणा छैन । हालसम्म प्रयोग गरिएका रणनीतिहरू परिस्थिति र त्यसको विकास, पीडित/प्रभावितहरूको अवस्था र उपलब्ध स्रोतहरू लगायतका आधारमा फरक हुने गरेका छन् । हरेक देशको पृथक र बदलिंदो परिवेशले समयसँगै छलफलका प्रमुख विषयहरू, विकसित रणनीतिहरू र प्राथमिकताका क्षेत्रहरूलाई प्रभावित गर्ने गरेको छ ।

> **परियोजनाअन्तर्गत विकसित कानूनी र पैरवीका रणनीतिहरूले केन्यामा द्वन्द्वसँग सम्बन्धित यौन हिंसा र अन्य प्रकारका राजनीतिक हिंसाका लागि अदालतले प्रदान गरेको परिपूरण सुरक्षित र लागू गर्न राजनीतिक प्रतिबद्धताको अभाव वा अपर्याप्तता र लामो प्रक्रियाहरूलाई सम्बोधन गर्ने लक्ष्य बोकेका छन् । कार्यशालाहरूको समयमा र त्यसपछि लागू गरिएका पैरवी रणनीतिहरूले सन् २०१३ को रिट नं १२२ मा भएको फैसलाको महत्वबारे निरन्तर सार्वजनिक ध्यान, बहस र कर्तव्यवाहकहरूको संलग्नता निम्त्याएका छन् र निर्णय गरिएको क्षतिपूर्ति र विस्तृत परिपूरणका उपायहरूको कार्यान्वयनको माग सिर्जना गरिरहेका छन् ।**
>
> - उतु वेतु, केन्या

१३. नेपालमा परियोजनाको रणनीतिक विकास चरणको समयमा संक्रमणकालीन न्यायसम्बन्धी ऐन अझै पनि छलफलमा नै थियो । यसले चार वटा मुद्दाहरूको कार्यान्वयनसँगै परिपूरण कार्यक्रमका लागि पैरवी गर्ने अवसर प्रदान गर्‍यो । केन्यामा परियोजना अवधिमा प्रदर्शनकारीहरू विरुद्ध भएका हिंसाका घटनाहरूका कारण गठबन्धनको ध्यान पुनरावृत्ति नहुने र पीडित/प्रभावितहरुसँगको संलग्नता र उनीहरुको सुरक्षाका उपायहरूमा केन्द्रित हुनपुग्यो ।

## चालु द्वन्द्वको सन्दर्भमा निर्णयहरूको कार्यान्वयन : प्रजातान्त्रिक गणतन्त्र कङ्गो (डिआरसी)

चालु र झन् खराब हुँदै गएको सशस्त्र द्वन्द्वका कारण प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा कार्यान्वयनका गतिविधिहरू र तिनको प्रभाव उल्लेखनीय रूपमा सीमित हुन गयो ।

उत्तरी किभु प्रान्तमा चलिरहेको लडाई र बलात्कारको दोषीलाई जेलबाट रिहा गरिएको कारणले गर्दा एस.ए. विरुद्ध डिआरसी मुद्दामा पीडित/प्रभावितका लागि उपलब्ध गराइएको सहायता प्रभावित हुन पुग्यो । पर्याप्त स्वास्थ्य सेवा संस्थाहरूको सीमित उपलब्धताका कारणले उनको आवश्यकताहरूको पहिचान गर्ने कार्य सुस्त हुन पुग्यो र चिकित्साजन्य सहयोगको प्रावधानमा बाधा पुग्न गयो । सन् २०२५ मा भएको हिंसाको वृद्धिले राष्ट्रिय संस्थाका सदस्यहरूलाई आफ्नो सुरक्षाका लागि स्थानान्तरण गर्न बाध्य बनायो, जसले गर्दा पीडित/प्रभावितहरुको साथमा क्रियाकलापहरुको कार्यान्वयन र सञ्चारसम्पर्क थप जटिल बन्न गयो । हाम्रा प्राथमिकताहरू एस.ए. लाई सहयोग पुर्‍याउने माध्यमहरू खोज्ने, विशेषगरी उनको सुरक्षा सुनिश्चित गर्नमा केन्द्रित हुन पुगे ।

त्यसका अतिरिक्त हाम्रो रणनीतिले अन्तर्राष्ट्रिय र क्षेत्रीय आयाम अवलम्बन गर्‍यो । कार्यान्वयन गरिएका गतिविधिहरूमा डिआरसीको विश्वव्यापी आवधिक समीक्षा (युपीआर) र अफ्रिकी मानव तथा जनअधिकार आयोगको सार्वजनिक सत्रअन्तर्गतको एउटा कार्यक्रम जस्ता प्रमुख अवसरहरूमा सहभागिता समावेश थियो । अन्तर्राष्ट्रिय पैरवीमा अन्तर्राष्ट्रिय फौजदारी अदालतसमक्ष भएको नागरिक समाजको गोलमेच बैठकहरूमा राष्ट्रिय संस्थाहरूको सहभागिता पनि समावेश थियो । सशस्त्र द्वन्द्व चलिरहेको सन्दर्भमा सरकारसँग यी निकायहरूको प्रत्यक्ष संलग्नता कठिन हुनेहुँदा अवसर आएपछि कार्यान्वयनलाई अगाडि बढाउन प्रयोग गर्न सकिने निष्कर्ष र कथनहरू सिर्जना गर्नतर्फ ध्यान दिन सकिन्छ । यसले पीडित/प्रभावितहरू र अभियन्ताहरूलाई आफ्ना चासोका विषय, प्राथमिकता र मागहरू राख्ने प्लेटफर्म पनि प्रदान गर्दछ ।

# दिगो र प्रभावकारी कार्यान्वयनका लागि दीर्घकालीन सोच




केन्यामा आयोजित परामर्श कार्यशालाहरूमा निवेदकहरू, नागरिक समाजका संस्थाहरू, पीडित/प्रभावित तथा उनीहरूका समूह र राज्यका प्रतिनिधिहरू लगायतका प्रमुख सरोकारवालाहरू एकै ठाउँमा आए।

१४. निर्णयहरूको कार्यान्वयन सम्पन्न हुन प्रायः वर्षौं लाग्ने गर्छ, जसको मुख्य कारणमा राजनीतिक इच्छाशक्तिको कमी, कार्यान्वयनका लागि कानूनी संयन्त्रको अभाव र अनुगमनका लागि अपर्याप्त मार्गहरु जस्ता हाम्रो प्रतिवेदनमा पहिचान गरिएका अवरोधहरू रहेका छन्। राजनीतिक इच्छाशक्ति हुँदा पनि प्रक्रिया लामो हुने गर्छ। उदाहरणका लागि, सेपुर जार्को मुद्दामा राष्ट्रिय निर्णयहरूको पालना गर्ने ग्वाटेमालाका अधिकारीहरूको स्पष्ट तत्परता र व्यापक पैरवी तथा सामाजिकीकरण अभियानहरुका बावजुद ९ वर्ष पछि पनि परिपूरणका कार्यक्रमहरु पूर्ण रूपमा सम्पन्न भएका छैनन्। राजनीतिक इच्छाशक्ति नभएको अवस्थामा यो झन् खराब हुने गर्छ। कार्यान्वयनको प्रक्रिया धेरै वर्षसम्म सुरु नहुन सक्छ, जस्तै एस.ए. विरुद्ध डिआरसी मुद्दा (सन् २००० को दशकको अन्त्यमा भएका उल्लङ्घनहरूका लागि सन् २०१४ भन्दा पहिले जारी गरिएको निर्णय) वा चाडमा हिसेन हाब्रे शासनका पीडितहरूका लागि ( सन् १९८० को दशकमा भएका उल्लङ्घनहरूसँग सम्बन्धित सन् २०१५ र २०१७ मा भएका फैसलाहरू )।

१५. परियोजनामा समयसँग जोडिएका चुनौतीहरूलाई सम्बोधन गर्न प्रत्येक मुद्दासम्बन्धी रणनीतिमा छोटो, मध्यम र दीर्घकालीन समयका लागि योजना गरिएका क्रियाकलापहरू समावेश थिए। यी क्रियाकलापहरू लचिलो रहन्छन्, किनभने राजनीतिक गतिशीलता र पीडित/प्रभावितहरूको नयाँ आवश्यकताहरू जस्ता विभिन्न कारणहरूलाई योजना गरिएको अवधारणामा समायोजन गर्न आवश्यक हुनसक्छ।

> **न्यायिक कार्यवाही र अदालतको निर्णयहरूको कार्यान्वयनमा हुने निरन्तर ढिलाइलाई ध्यानमा राख्दै परियोजनाको अर्को चरणले बलियो पैरवी र सञ्चार कार्यक्रमहरूलाई सहयोग गर्न बढी लगानी गर्नुपर्छ, जसले केन्यामा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित/प्रभावितहरूको दुर्दशालाई सम्बोधन गर्न सार्वजनिक ध्यानाकर्षण र राज्य तथा यसका कर्तव्यवाहकहरूसँग गरिएका  मागलाई कायम राख्नेछ।**
>
> - उतु वेतु, केन्या

१६. यी रणनीतिहरूको दीर्घकालीन प्रकृतिलाई ध्यानमा राख्दै सुरुदेखि नै दिगोपनलाई प्राथमिकतामा राखिएको छ । मध्यम र दीर्घकालीन कार्यक्रमहरूका लागि स्रोतहरू सुरक्षित गर्नु आवश्यक हुन्छ । परियोजनाद्वारा विकसित रणनीतिक योजनाहरूले कार्यान्वयनमा रहेको सम्भावित जोखिम, अवरोध र स्रोतको आवश्यकताहरूलाई  सक्रिय रूपमा मूल्याङ्कन गर्ने प्रयास गरेका छन् ।

१७. सम्भव भएसम्म सर्वाङ्गीण रणनीतिक अभियोजन मार्फत परिपूरण कार्यान्वयनका प्रयासहरूलाई आर्थिक रूपमा सहयोग गर्ने दाताहरूले दीर्घकालीन उद्देश्यहरू र प्रभाव हासिल गरिएको सुनिश्चित गर्न यी प्रक्रियाहरूको जटिलतालाई स्वीकार गरि त्यसलाई व्यवस्थापन र सम्बोधन गर्न मद्दत गर्नुपर्छ । पुनः आघात पुऱ्याउने कार्य र पीडित/प्रभावितहरूका अपेक्षाहरू निराशा हुनबाट बच्न दीर्घकालीन आर्थिक सहयोग आवश्यक हुन्छ र विशेष गरी प्रक्रिया पीडित/प्रभावितहरूका साथ सह–नेतृत्वमा अगाडि बढाइएको र धेरै हदसम्म उनीहरूका अपेक्षा र आवश्यकताहरूमा निर्मित रहेको अवस्थामा त्यो बढी आवश्यक हुन्छ ।

## चाडमा कार्यान्वयन प्रक्रियाको जटिलता (हिसेन हाब्रे शासन)

सन् १९८० को दशकमा भएका गम्भीर मानवअधिकार उल्लङ्घनका लागि अधिकारीहरूलाई निन्दा गर्ने र परिपूरणको आदेश दिने फैसलाहरू सन् २०१५ (एन'जामेना अदालत) र सन् २०१७ (असाधारण अफ्रिकी चेम्बर्स, ईएसी) ले जारी गरेका थिए । सन् २०२४ मा, चाड सरकारले केही पीडित/प्रभावितहरूलाई आदेश दिइएको क्षतिपूर्तिको १०% भन्दा कम हुने रकम वितरण गर्न थाल्यो, जुन कार्य पारदर्शी उद्देश्य बिना र अदालतले आदेश दिएको ढाँचा बाहिर गरिएको थियो । यस कार्यबाट द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित/प्रभावितमध्ये कति जना लाभान्वित भए भन्ने बारे कुनै जानकारी उपलब्ध छैन ।

पीडित/प्रभावित र उनीहरूका कानूनी प्रतिनिधिहरूबाट निरन्तर दबाबका बावजुद चाडले कार्यान्वयनप्रति प्रतिबद्धता देखाइरहेको छैन । यो कुरा पीडित/प्रभावितहरूसँग अर्थपूर्ण रूपमा संलग्न हुन सरकार असफल हुनु, वितरण प्रक्रियाका सम्बन्धमा सञ्चारको अभाव र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्रहरूप्रति यसको अनुत्तरदायीपनमा स्पष्ट देखिन्छ । वितरण प्रक्रियाको सुरुवात सन् २०२४ मा भएको राष्ट्रपति पदको निर्वाचनको समयमा र हिसेन हाब्रेको अस्तु देश फिर्ता गर्ने सरकारको चाहना अनुसार भएको थियो ।

वितरण प्रक्रियामा पारदर्शिताको कमी छ । पीडितहरूले भुक्तानी प्राप्त गर्न उल्लेखनीय अवरोधहरू र सम्भवतः भेदभावको सामना गरेका छन् । त्यसको प्रतिक्रियामा रिड्रेस र एटीपीडीएचले अक्टोबर २०२४ मा पीडित समूहहरू र सरकारी प्रतिनिधिहरू सहित चाडका प्रमुख सरोकारवालाहरूसँग भेटघाट गरे । यी छलफलहरूले राष्ट्रिय अधिकारी, क्षेत्रीय संयन्त्र र संयुक्त राष्ट्रसंघमा केन्द्रित पैरवी रणनीति बनाउन मद्दत गऱ्यो । सन् २०२५ मा परिचालन गरिएको जनचेतना बढाउने प्रारम्भिक प्रयासहरूका अतिरिक्त प्रभावकारी परिपूरण सुनिश्चित गर्न दिगो र दीर्घकालीन कदम चाल्न आवश्यक छ । यसमा कार्यान्वयन प्रक्रियामा अन्तर्राष्ट्रिय मापदण्डहरू कायम राख्न पीडित, चाड सरकार र अफ्रिकी संघसँग सहा–डिजाइन गरिएको अवधारणालाई बढावा दिने कार्य पर्छ ।

> **न्याय र परिपूरणमा भएको ढिलाइले यी घाउहरूलाई अझ गहिरो बनाउन योगदान दिएको छ । न्यायिक लडाई अदालतको निर्णयहरुसँगै समाप्त हुँदैन । कार्यान्वयनको प्रक्रियाले सफलताहरूलाई निस्तेज तुल्याउन हुँदैन बरु पीडितहरूको पुनर्स्थापनालाई सहजीकरण गरि अपराधको मूल कारणहरूलाई सम्बोधन गर्नु पर्छ ।**
>
> - एटीपीडीएच, चाड

१८. कार्यान्वयनका प्रयासहरूमा  नेतृत्व र दिगोपन प्रदान गर्ने राष्ट्रिय संस्थाहरूको क्षमतालाई सुदृढ पारेर पनि दिगोपना हासिल गर्न गरिन्छ । यसमा नीति विकास, विशेषकृत सीप निर्माण वा तालिम सुदृढीकरणका लागि, र आवश्यक सुविधा र पूर्वाधार प्राप्त गर्न सहयोग गर्ने कार्य पर्छन् । यी आधारभूत आवश्यकताहरूलाई सम्बोधन गरेर संस्थाहरूले आफ्नो मुख्य लक्ष्य र दीर्घकालीन प्रभावमा अझ प्रभावकारी रूपमा ध्यान केन्द्रित गर्न सक्छन् ।

**निर्णयहरूको पालना भएको सुनुश्चित गर्नका लागि मात्र नभई, अन्तराष्ट्रिय निकायहरूबाट प्राप्त**




चाडमा रिड्रेसले हिसेन हाब्रेको शासनकालका पीडितहरूको लागि परिपूरणको कार्यान्वयनलाई प्रवर्द्धन गर्ने रणनीतिहरू छलफल गर्न सरोकारवालाहरूलाई एकै ठाउँमा ल्याउन एटिपिडीएचसँग काम गऱ्यो।

> **सिफारिसहरूको कार्यान्वयनमा नेपाललाई मद्दत गर्न पनि निरन्तरको फलो-अप वा अनुगमन अत्यावश्यक हुन्छ । यसले गर्दा गतिशीलताले निरन्तरता पाउँछ, कुनै चुनौती भएमा शुरुमै पत्ता लाग्छ र पीडित/प्रभावितहरूको आवश्यकतालाई प्राथमिकतामा राखिएको सुनिश्चित हुन्छ । लगातार रूपमा पैरवी गरिएन भने, यी निर्णयहरू अप्रभावकारी रहने वास्तविक जोखिम हुन्छ ।**
>
> - एचआरजेसी नेपाल

१९. पीडित/प्रभावितहरूहरूलाई सशक्त बनाउनु र उनीहरूका आवश्यकतालाई सकेसम्म सम्बोधन गर्नु दिगोपनको मुख्य तत्व हो । विशेष गरी पीडित/प्रभावितहरूले आफ्नो सम्बोधन नगरिएको आघातको अनुभव गरिरहनु पर्दा, त्यसले थकित भएपछि उनीहरूले निर्णयहरू कार्यान्वयन गराउन लागिपर्ने आफ्नो रुचि गुमाउन सक्छन् । यदि उनीहरूको तत्कालको प्राथमिकतामा व्यक्तिगत सुस्वास्थ्य र पुनर्लाभ पर्छन् भने, कार्यान्वयनको लागि पैरवी गर्नु उनीहरूको प्राथमिकतामा नपर्न सक्छन् । पीडित/प्रभावितहरूका लागि चिकित्सा, मनोसामाजिक, र भौतिक सहयोग जस्ता दीर्घकालीन विस्तृत सहयोग सुनिश्चित गर्नाले, उनीहरूको संलग्नतालाई कायम राख्न र परिपूरणका प्रयासहरूको दीर्घकालीन प्रभावलाई बलियो बनाउन मद्दत गर्न सक्छ ।

# कार्यान्वयनको कारकका रूपमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित/प्रभावितहरू

२०. परियोजनाका अवधिमा, रिड्रेस र राष्ट्रिय संस्थाहरूले चिकित्सा, मनोसामाजिक र जीविकोपार्जन सहयोग लगायत द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितहरूको सबैभन्दा तत्कालका आवश्यकताहरूलाई सम्बोधन गरिएको सुनिश्चित गरे। यस्ता व्यक्तिगत सहयोग बाहेक, पीडित/प्रभावितहरूलाई कार्यान्वयन प्रक्रियाको प्रत्येक चरणमा सक्रिय रूपमा संलग्न गराउनु आवश्यक हुन्छ। यसले प्रभावकारिता बढाउँछ, पीडित/प्रभावितहरूलाई सशक्त बनाउँछ र उनीहरूलाई आफ्नै परिपूरण यात्रामा मुख्य संवाहकका रूपमा मान्यता प्रदान गर्दछ। यद्यपि, पीडित/प्रभावितको सहभागिताको स्तर सम्बन्धित परिवेश र व्यक्ति अनुसारको हुने गर्छ भन्ने कुरा स्मरण गर्नुपर्छ।

> **फुलमती जस्तो पीडित/प्रभावितहरूसँग प्रत्यक्ष संलग्न हुनु अत्यावश्यक थियो। यसले गर्दा उनी यो प्रक्रियाको एउटा अंश बन्न सकिन् र आफ्ना आवश्यकताहरूलाई आवाज दिन सकिन्। उनले मुख्य सवालहरूमा फलो-अप गर्न सक्ने र आफ्नो लागि आफैं पैरवी गर्न सक्ने हुनाले बैठकहरूमा उनको संलग्नताले विशेष महत्व राख्थ्यो। आफ्नो पैरवीको नेतृत्वमा उनको क्रमिक तर निरन्तरको प्रगतिले, पीडित/प्रभावितको सशक्तिकरणले दिगो परिवर्तन ल्याउन सक्छ भन्ने सकारात्मक उदाहरण दिएको छ।**
>
> - एचआरजेसी नेपाल

२१. उदाहरणका लागि, नेपालमा संक्रमणकालीन न्यायसम्बन्धी ऐन बारे छलफलमा केहि पीडित/प्रभावित सक्रिय रूपमा सहभागी भए। अन्य केहिले भने देशमा यौन हिंसा बारे हेयभाव र कलंक उच्च भएकोले आफ्नो परिचय खुलाएनन्। यसले पीडित/प्रभावितका रोजाईलाई सम्मान र उनीहरू प्रत्येकले सामना गर्ने फरक फरक चुनौतीको सम्बोधन गर्नुको महत्वलाई जोड दिन्छ।

## नेपालमा पीडित/प्रभावितको सहभागितालाई प्राथमिकता

नेपालमा कार्यान्वयनका लागि कार्यक्रम र रणनीतिहरू तयार गर्नमा, परियोजनाको प्रारम्भिक चरणदेखि नै पीडित/प्रभावितहरू सक्रिय रूपमा संलग्न छन्।

एउटा मुद्दामा संलग्न एकजना मृतक पीडितको परिवारका सदस्यले धेरै वर्षदेखि कार्यान्वयनको पक्षमा पैरवी गर्दै महत्वपूर्ण भूमिका खेलेकी छिन्। सन् २०२४ मा, उनले देशका द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित/प्रभावितहरूका अधिकार र विशेष गरी उनीहरूको परिपूरणको अधिकारको पैरवीलाई सशक्त बनाउने लक्ष्य राख्दै, उनीहरूका लागि प्रशिक्षण कार्यक्रमको प्रस्ताव गरिन्। यी प्रशिक्षण कार्यक्रमहरूले उनीहरूलाई नेतृत्वदायी भूमिका लिन सक्षम बनाउँदै, कार्यान्वयन प्रक्रियाको स्वामित्व बढाएर कार्यान्वयन योजनाको दिगोपनमा योगदान पुऱ्याउँछन्।

२२. केन्यामा भएका कार्यशालाहरू पछि, सिओभीएएडब्लु र अन्यको मुद्दाका द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित/प्रभावितहरूले, राष्ट्रिय संघसंस्थाहरूको सहयोगमा पैरवी र संचारका अभियानहरूमा बढी सक्रिय भूमिका खेल्न थाले। यसले गर्दा संचारका अभियान र सामाजिक परिचालनको प्रभावमा वृद्धि भएर, रणनीति अन्तर्गतका क्रियाकलापहरूमा उर्जा मिलेको छ।

“

**पीडित/प्रभावितहरूको सक्रिय संलग्नताले रणनीतिहरूलाई आकार दिन र ती रणनीतिले वास्तविक जीवनका चुनौतीहरूलाई सम्बोधन गर्ने सुनिश्चित गर्नमा महत्वपूर्ण प्रभाव पारेको थियो। उनीहरूको प्रत्यक्ष बयानहरूले कानूनी अवरोध, परिपूरणमा पहुँच गर्न कठिनाइ, आर्थिक असुरक्षा र सामाजिक कलंक जस्ता महत्वपूर्ण व्यावधानहरूमा प्रकाश पारेका थिए। यी अन्तर्दृष्टिहरूले पैरवीको तरिकालाई परिष्कृत गर्न, हस्तक्षेपका मुख्य क्षेत्रहरूको प्राथमिकीकरण गर्न र पहलहरू पीडित/प्रभावितको नेतृत्वमा हुनुपर्ने कुरामा जोड दिन मद्दत गर्यो। उनीहरूको सहभागिता बिना, यी जटिल मुद्दाहरूलाई प्रभावकारी रूपमा समाधान गर्न रणनीतिहरूमा आवश्यक पर्ने गहन बुझाईको अभाव हुन सक्थ्यो।**

- द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जाल, नेपाल

# सामान्य निष्कर्ष

२३. द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित/प्रभावितहरूका लागि परिपूरण कार्यान्वयनको जटिलताका कारण महत्त्वपूर्ण एवं दिगो संयुक्त पहलहरू आवश्यक पर्दछ । कार्यान्वयनका लागि सम्भाव्य रणनीतिहरूको तयारी र संचालन गर्दा, तिनलाई देशको परिवेश र पीडित/प्रभावितहरूको व्यक्तिगत परिस्थितिहरू अनुरूप गतिशील र निर्देशित बनाइएको हुनुपर्छ । तिनलाई क्षेत्रीय र अन्तर्राष्ट्रिय गतिशीलताले पनि आकार दिन्छन् । प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरूको बलियो गठबन्धन महत्त्वपूर्ण हुन्छ, किनकि त्यसले अनुभव र दृष्टिकोणको आदानप्रदानलाई सम्भव बनाएर, क्षमता र स्रोतहरूको उच्चतम उपयोग गर्छ ।

२४. यी रणनीतिहरू पीडित/प्रभावित-केन्द्रित हुनु र प्रक्रियाको प्रत्येक चरणमा पीडित/प्रभावितहरूको प्राथमिकता र आवश्यकताहरू अनुरूप उनीहरूको सुरक्षा र सहभागिता सुनिश्चित गर्नु अत्यावश्यक हुन्छ । परिवर्तनको संवाहकको रूपमा पीडित/प्रभावितहरूको सक्रिय संलग्नता र उनीहरूलाई दिइने मान्यता महत्त्वपूर्ण हुन्छ, जसले गर्दा परिपूरणको यात्रामा उनीहरूको स्वामित्व र दाबीलाई मजबूत बनाउँछ ।

२५. कार्यान्वयनका योजनाहरूले आफ्नो दीर्घकालीन प्रभाव सुनिश्चित गर्न दिगो विकल्पहरू सहित कोषको उपलब्धता, संगठनात्मक आवश्यकताहरू र पीडित/प्रभावितहरूको सशक्तिकरणलाई सम्बोधन गर्नुपर्छ । यसमा राष्ट्रिय संघसंस्था र पीडित/प्रभावित समूहहरूले स्वतन्त्र रूपमा कार्यान्वयन हासिल गर्नसक्ने बनाउनका लागि, उनीहरूको स्वामित्व र क्षमता विकास वा सुदृढीकरणका गतिविधिहरू समावेश हुनुपर्छ ।

# अनुसूची : तथ्यहरू

## पूर्णमाया वि. नेपाल, आर.आर. र अन्य विरुद्ध नेपाल

**सञ्चालन गरिएका प्रमुख गतिविधिहरू**

- द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका सन्दर्भमा मानवअधिकार समितिले गरेको चारवटा निर्णयहरूको कार्यान्वयनलाई बढावा दिन रणनीतिक बहु-सरोकारवाला बैठकहरू
- चारवटा मुद्दाहरूको लागि सामान्य कार्यान्वयन योजनाको सह-डिजाईन, र संक्रमणकालीन न्यायको सन्दर्भमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसामा परिपूरणका लागि पैरवीका व्यापक पहलहरू
- पीडित/प्रभावितहरूको तत्कालका आवश्यकताहरू (चिकित्सा, मनोसामाजिक उपचार र जीविकोपार्जन सहायता) को लागि सहयोग
- पीडित/प्रभावितहरूले आफ्नो अधिकारका लागि पैरवी गर्ने सीपहरू बढाउन उनीहरुकै नेतृत्वमा तालिम कार्यक्रम
- मानवअधिकार समितिले प्रदान गरेको परिपूरणका उपायहरूको कार्यान्वयन अनुगमनको लागि यी मुद्दाहरूलाई प्राथमिकताका मुद्दाका रूपमा हेर्न अनुरोध गर्दै मानवअधिकार समितिमा कानूनी निवेदनहरू

**सहमति भएका प्रमुख रणनीतिहरू**

- प्रादेशिक र संघीय तहहरूमा राज्यका प्रमुख पात्रहरूलाई लक्षित गर्दै पैरवी (प्रधानमन्त्रीको कार्यालय, गृह मन्त्रालय, स्थानीय र प्रदेश सरकारहरू)। यस रणनीतिले संस्थागत र विधायिकी कार्यढाँचालाई प्रभाव पार्ने र विशेषगरी राजनीतिक इच्छाशक्तिलाई जगाउने लक्ष्य राखेको छ।
- कार्यान्वयनका लागि राज्यमाथि बाह्य दबाब कायम राख्न संयुक्त राष्ट्रसंघमा पैरवी
- परिपूरणका ढाँचाहरू बारे नेतृत्वकर्ता पीडित/प्रभावितहरूको क्षमता विकास र सुदृढीकरण। यसले पैरवी गर्न र आफ्नो अधिकार बारे हुने छलफलहरूमा अर्थपूर्ण सहभागिताका लागि पीडित/प्रभावितहासुलाई सक्षम पार्ने लक्ष्य लिएको छ।

**सामना गरिएका चुनौतीहरू**

- द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितहरूप्रतिको उच्च हेयभाव र लान्छना। हामीले यसलाई सम्बोधन गर्नेगरी आफ्ना सन्देश प्रवाह र संचार गरेका थियौं र कार्यान्वयन गर्दा यस विषयमा सजगता एवं संवेदनशीलता अपनाइएको सुनिश्चित गर्ने प्रयास गरेका थियौं।
- नेपालमा विदेशी आर्थिक सहयोग पठाउन र प्राप्त गर्नका लागि कानूनी तथा प्रशासनिक चुनौतीहरू। यसले क्रियाकलापहरूमा ढिलाई भए पनि, ती रोकिएका भने थिएनन्।

**प्रभाव**

- चारजना द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितहरूको तत्कालको स्वास्थोपचार, मनोसामाजिक र जीविकोपार्जनका केही आवश्यकताहरू पूरा गरियो, जसले गर्दा उनीहरूले परिपूरणका लागि संवाहकका रूपमा आफ्नो अर्थपूर्ण संलग्नता जनाउन सक्ने स्थान सिर्जना गरियो। अहिले राष्ट्रिय स्तरका संघसंस्थाहरूको सहयोगमा फुल्मती माया परिपूरणका लागि प्रत्यक्ष फलोअपमा प्रादेशिक निकायहरूसँग संलग्न छिन्।
- सात प्रदेशका १५ जना पीडित/प्रभावितहरूलाई परिपूरणको पक्षमा पैरवी गर्न सशक्तीकरण गरिएको छ, जसकारण कार्यान्वयनलाई अगाडि बढाउन प्रत्यक्ष रूपमा पीडित/प्रभावितको पैरवी हुने सम्भावना देखाउँछ।
- सात प्रदेशका विभिन्न पुस्ताका २३ जना पीडित/प्रभावितहरू द्वन्द्व र विशेषगरी यौन हिंसाका कारण र प्रभावका बारेमा आफ्नो बुझाइलाई गहिरो बनाउन खुला संवादमा संलग्न छन्।
- यस परियोजनाले द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितहरू बीच विश्वास बढाउन र उनीहरूबीच एकताको भावना सिर्जना गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ।
- प्रधानमन्त्रीको कार्यालय, प्रदेश सरकारहरू र सांसदहरूले सार्वजनिक रूपमा कार्यान्वयनतर्फ अघि बढ्ने प्रतिबद्धता र यस उद्देश्यका लागि प्राविधिक सहयोग प्राप्त गर्न आफ्नो चासो व्यक्त गरेका छन्। राजनीतिक चेतना र इच्छशक्तिको यो अभिव्यक्तिले कार्यान्वयन प्रक्रियालाई सहज बनाउनेछ।

## कोभा र अन्य विरुद्ध केन्या

**सञ्चालन गरिएका प्रमुख गतिविधिहरू**

- केन्यामा यो मुद्दा र परिपूरणका कार्यक्रमहरू कार्यान्वयन गर्ने रणनीति निर्माणका लागि बहु-सरोकारवाला कार्यशालाहरूको आयोजना।
- पीडित/प्रभावितहरूको हालको आवश्यकताहरू मूल्याङ्कन गर्न, मुद्दाको प्रगतिको बारेमा जानकारी गराउन र पैरवी तथा सञ्चार अभियानहरूमा उनीहरूको सहभागिताका अवसरहरू पहिल्याउन उनीहरूको संलग्नता।
- राज्यका सम्बन्धित सरोकारवालाहरूसँग नियमित बैठक र राज्यका पदाधिकारीहरूलाई पठाइएका फलो-अप पत्रहरू लगायत, कार्यान्वयनका लागि र विचाराधीन अपीलको तुरुन्त समाधानका लागि लक्षित सञ्चार तथा पैरवी अभियानहरू ।
- क्षेत्रीय र अन्तर्राष्ट्रिय पैरवी (सन् २०२४ मा संयुक्त राष्ट्रसंघीय विश्वव्यापी आवधिक समिक्षा (युपीआर)मा प्रस्तुति र सन् २०२३ र २०२४ मा अफ्रिकी आयोगको सत्रहरूमा साइड-इभेन्टहरू)।

**सहमति भएका प्रमुख रणनीतिहरू**

- कार्यान्वयनको लागि राष्ट्रिय पैरवी (महान्यायाधिवक्ताको कार्यालय सहित)।
- राष्ट्रिय संघसंस्था र पीडित/प्रभावित समूहहरूको नेतृत्वमा सचेतना-बढाउने मिडिया अभियानहरू र सामाजिक परिचालन।
- केन्यामा द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितहरूका लागि परिपूरणको कार्यान्वयनलाई प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय पैरवीका रणनीतिहरूलाई मानवअधिकार संयन्त्रहरूसँग समन्वय गर्ने।

**सामना गरिएका चुनौतीहरू**

- निर्णय कार्यान्वयनका लागि झन्झटिलो घरेलू प्रक्रिया र कानूनी मुद्दाको उच्च खर्च।
- परियोजना कार्यान्वयनको क्रममा केन्यामा प्रदर्शनकारीहरू विरुद्ध जारी हिंसा।

**प्रभाव**

- पुन: संलग्न भएका पीडित/प्रभावितहरूमा केन्द्रित भएको पुनर्जीवित राष्ट्रिय गठबन्धन र द्वन्द्वसँग सम्बन्धित यौन हिंसाको परिपूरणका लागि आन्दोलन ।
- कार्यान्वयनको लागि घरेलु कानूनी मार्गहरूको अपर्याप्तताका कारण, क्षेत्रीय वा अन्तर्राष्ट्रिय मुद्दाको लागि मार्ग प्रशस्त।
- पीडित/प्रभावितहरूको उत्थानशीलतालाई सहयोग गर्दै, अपीलको फैसला आउनुअघि नै उनीहरूलाई सहयोग प्रदान।
- पीडित/प्रभावितहरूलाई पैरवी र मिडिया अभियानहरूमा सक्रियताका साथ भाग लिन प्रोत्साहित गरियो।

## एस.ए विरुद्ध डीआरसी

**सञ्चालन गरिएका प्रमुख गतिविधिहरू**

- पीडित/प्रभावितहरूको आवश्यकता पहिचान र सहयोग प्रदान
- आइसीसी समक्ष, सन् २०२४ मा युपीआरको सत्रमा र अफ्रिकी मानवअधिकार आयोगको सत्रमा, परिपूरणका सम्बन्धमा राष्ट्रिय नागरिक समाजका संस्थाहरूसँग मिलेर पैरवी
- प्रमाणहरूका आधारमा निर्णयका लागि अनुरोध गर्दै अफ्रिकी मानवअधिकार आयोगमा फलो-अप पत्रहरू
- सन् २०२५ मा उत्तरी किवु क्षेत्रमा हिंसा चर्केको समयमा एस.ए.ले उनको अस्थायी स्थानान्तरणका लागि सहयोग प्राप्त गरिन्

**अबका प्रमुख कदमहरू**

- देशभित्रको अवस्था उपयुक्त भएमा, एउटा गठबन्धन बनाउन र एउटा साझा रणनीतिक योजना परिभाषित गर्नका लागि बहु-सरोकारवाला बैठकको आयोजना
- देशभित्र मुद्दा-निर्दिष्ट पैरवी र कार्यान्वयनका लागि अन्तराष्ट्रिय तहमा पैरवी

**सामना गरिएका चुनौतीहरू**

- जारी सशस्त्र द्वन्द्वको अवस्था
- पीडित/प्रभावित र नागरिक समाजका संस्थाका सदस्यहरूको स्थानान्तरण
- अन्तराष्ट्रिय आर्थिक सहयोग प्रवाह र प्राप्त गर्नमा राष्ट्रिय तथा प्रशासकीय अवरोधहरू

**प्रभाव**

- युपीआरमा भएको प्रस्तुतिलाई, न्यायमा महिलाको पहुँच सम्बन्धी आफ्नो खण्डमा युपीआरको कार्यदलले सरोकारवालाहरूका लागि जानकारीको सारांशमा समावेश गरेको थियो र मानव अधिकार परिषद्का सदस्यहरूलाई जानकारी गराएको थियो।
- पीडित/प्रभावितहरूको अत्यावश्यक उपचारसम्बन्धी आवश्यकताहरू पूरा गरियो, र देशमा चर्केको हिंसाको कारण निम्तिएको सुरक्षासम्बन्धी चिन्ताहरूको सम्बोधनमा सहयोग प्रदान गरिएको छ। यस्तो सुरक्षासम्बन्धी सहयोग पीडित/प्रभावित, उनको परिवार र उनको प्रतिनिधित्व गर्ने राष्ट्रिय संघसंस्थाका सदस्यहरूसम्म विस्तार हुन्छ
- अफ्रिकामा महिला अधिकारसम्बन्धी अफ्रिकी आयोगका विशेष समाधिक्षकलाई डीआरसीमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडित/प्रभावितहरूका लागि परिपूरणको आवश्यकता बारे पूर्ण रूपमा सूचित गरिएको छ र यसले द्वन्द्वग्रस्त क्षेत्रहरूमा भएका पीडित/प्रभावितहरूलाई परिपूरण प्रदान गर्ने बारे उनको विचारलाई आकार दिन सक्छ।

## हिसेन हब्रेका ७,००० पीडित/प्रभावित विरुद्ध चाड

**सञ्चालन गरिएका प्रमुख गतिविधिहरू**

- सन् २०१७ मा अफ्रिकी आयोग समक्ष चाड विरुद्ध विचाराधीन मुद्दामा पीडित/प्रभावितहरूद्वारा चालिएका कानूनी कदमहरू: परिपूरण प्रदान गर्ने चाडको कानूनी दायित्वबारे एकपक्षीय विशेषज्ञ प्रतिवेदन; चाडमा पीडित/प्रभावितहरूलाई परिपूरण प्रदान गर्न असफल भएका कारण चिकित्सा र मनो-सामाजिक प्रभाव बारे एकपक्षीय विशेष प्रतिवेदन; मुद्दामा भएका योग्यताबारे कानूनी प्रस्तुति।
- पीडितहरूका लागि वितरण भैरहेको प्रक्रियाको मूल्याङ्कन गर्न र पैरवीका रणनीतिहरू परिभाषित गर्न एन'जमेनामा पीडित समूहका नेतृत्वकर्ताहरू, पीडित व्यक्तिहरू, पीडितका प्रतिनिधिहरू, राष्ट्रिय निकायहरू र कूटनीतिक नियोगहरूसँग व्यक्तिगत रूपमा छुट्टाछुट्टै भेटेर गरिएका बैठकहरू।
- चाडमा दुईवटा निर्णयहरूको कार्यान्वयनलाई प्रवर्द्धन गर्न अफ्रिकी संघ, राष्ट्रिय निकायहरू र अफ्रिकी आयोगलाई लक्षित गर्ने पैरवी योजनाको सह-डिजाईन।

**तयार भएका प्रमुख रणनीतिहरू**

- सन् २०१७मा एक्स्ट्राअर्डिनरी चेम्बरद्वारा आदेश दिइएको ट्रस्ट फण्ड संचालनलाई प्रवर्द्धन गर्न अफ्रिकी संघमा निरन्तर पैरवी।
- चाड विरुद्ध अफ्रिकी आयोगमा रहेको मुद्दामा कानूनी कार्यको निरन्तरता
- कार्यान्वयनलाई अगाडि लैजान राष्ट्रिय सरोकारवालाहरू र पीडित समूहहरू बीचको सहकार्य प्रवर्द्धन

**सामना गरिएका चुनौतीहरू**

- चाडमा परिपूरण दिने कार्य कार्यान्वयन गर्नका लागि राजनीतिक इच्छाशक्ति र स्थापित संरचनाहरूको अभाव।
- सन् २०२४ मा सुरु गरिएको पीडितहरूलाई गरिने भुक्तानीमा सरकारको पारदर्शिताको अभाव।
- चाडमा भएका निर्णयहरूको कार्यान्वयनलाई प्रवर्द्धन गर्न प्रमुख राज्यहरूबाट समर्थनको अभाव। उदाहरणका लागि, सन् २०२४को युपीआर सत्रमा परिपूरणका सिफारिसहरू जारी गर्न केही राज्य अनिच्छुक थिए।
- विभिन्न तरिकाबाट प्रभावित र पीडित भएकाहरूको संख्या उच्च र पीडित/प्रभावित समूहहरूमा क्षमताको अभाव।

**प्रभाव**

- परिपूरणका आवश्यकता र कानूनी रुपमा आदेश भएका प्रक्रियाहरू बारे सरकारी पात्रहरूमा संवेदनशीलता
- सूचना-संकलनका कारण चाडले केहि पीडित/प्रभावितहरूलाई भुक्तानी गर्न अवलम्बन गरेका पछिल्ला उपायहरूमाथि निगरानी सम्भव भएको, र यसले गर्दा सरोकारवालाहरुलाई एकजुट गराउने रणनीतिक कदमहरू र कार्यान्वानलाई अगाडि बढाउने कार्यलाई सुसूचित गरेको

**द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जालद्वारा फोटो आवरण**
नेपालमा संक्रमणकालीन न्यायबारे द्वन्द्वबाट प्रभावित महिलाहरूको क्षमता विकास गर्न द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जालद्वारा फेब्रुअरी २०२५ मा एउटा प्रशिक्षण कार्यक्रमको आयोजना गरियो।

## redress.org


**REDRESS**
Unit G01, 65 Glasshill Street
SE1 0QR, London, UK
+44 (0)20 7793 1777
info@redress.org


redress.org
redresstrust
company/REDRESS

**REDRESS**
Ending torture, seeking justice for survivors